आठराई त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हाङपाङ, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

पत्र संख्याः २०७९/८०

च.नं. : मिति : २०८०/०२/०६

**विषयः निर्वाचन पश्चात १ वर्षको गाउँपालिकाले गरेका महत्वपूर्ण कामहरू ।**

यस आठराई त्रिवेणी गाउँपालिकाको स्थानीय तह निर्वाचन २०७९ वैशाख ३० गते भएपश्चात् नव निर्वाचित जनप्रतिनिधिको दिर्घकालिन लक्ष्य, गाउँपालिकाबासीको माग र घोषणा पत्रमा उल्लेख गरिएका विषयहरूलाई मूर्त रुप दिनका लागि जनप्रतिनिधि तथा सम्पूर्ण कर्मचारीहरू अहोरात्र लागी रहेको व्यहोरा अवगत गराउन चाहन्छौं । यस आठराई त्रिवेणी गाउँपालिका भौगोलिक रुपमा दुर्गममा भएता पनि सीमित स्रोत र साधनले उपयोगिता एवं प्रभानकारितालाई समेत मध्यनजर गर्दै क्रमशः उत्कृष्ट नमूना गाउँपालिका बनाउने सोच र लक्ष्य लिएर बढेको कुरा अवगत गराउन चाहन्छौं । जनप्रतिनिधि तथा कर्मचारीले दिने सेवा, सुविधा र आम नागरिकको मागलाई सम्बोधन गरी सिंगो आठराई त्रिवेणी गाउँपालिकालाई आर्थिक समृद्धि, सामाजिक रुपान्तरण तर्फ उन्मुख गराउनका लागि नवनिर्वाचित जनप्रतिनिधिले १ वर्षको कार्य जिम्मेवारीमा गरेका महत्वपूर्ण कार्यहरू देहाय बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

देहायः

१. आठराई त्रिवेणी गाउँपालिकाभर घरायसी प्रयोजनका लागि खपत हुने बिजुलीलाई निःशुल्क वितरणको घोषणा गरी लागू समेत गरिएको ।
२. पालिका भित्रका स्वास्थ्य चौकीहरू निर्माण सम्पन्न भई निघुरादिन स्वास्थ्य चौकी र फुलबारी स्वास्थ्य चौकीको उद्घाटन भई सञ्चालनमा रहेको र बाँकी स्वास्थ्य चौकीहरू निर्माण सम्पन्नको तयारीमा रहेका छन् ।
३. गाउँपालिकाको वडा नं. ३ को वडा कार्यालयको उद्घाटन भई सञ्चालनमा समेत रहेको । बाँकी वडा कार्यालयहरू निर्माण सम्पन्न भई उद्घाटन र सञ्चालनको तयारीमा रहेका छन् ।
४. गाउँपालिकाको प्रशासनिक भवनका लागि जग्गा व्यवस्थापन गरी निर्माण कार्य तीव्र रुपमा सञ्चालनमा रहेको ।
५. गाउँपालिकाको कर्मचारीलाई आवासको सुविधाका लागि Staff Quarter को निर्माण कार्य अन्तिम चरणमा रहेको ।
६. पालिकास्तरीय १० शैयाको हस्पिटलको जग्गा व्यवस्थापन गरी निर्माण कार्य तीव्र रुपमा सञ्चालनमा रहेको ।
७. पालिकाभित्रका सामुदायिक विद्यालयहरूमा कक्षा १२ सम्म शिक्षा पूर्ण रूपमा निःशुल्क गरिएको ।
८. लामो समयदेखि मानसिक रोगका २ जनालाई उद्धार गरी उपचारको व्यवस्था गरी पठाइएको ।

Website : www.aathraitribenimun.gov.np Email : aathrai.tribenimun@gmail.com Tel : 9852660960

पत्र संख्याः २०७९/८०

९. क्यान्सरपीडित, मेरुदण्ड पक्षघात तथा मृगौता प्रत्यारोपण गरी डाइलेसिस गराइरहेकाहरूलाई मासिक ५ हजारका दरले १५ जनालाई ४,०७,२३२।०० (रु. चार लाख सात हजार दुई सय बत्तीस मात्र) सहुलियत प्रदान गरिएको ।

१०. विपन्न नागरिक उपचार सहायता रु. १५,००० का दरले १० जनालाई १,५०,०००।०० (रु. एक लाख पचास हजार मात्र) वितरण गरिएको ।

११. सुशासन प्रवर्द्धन अन्तर्गत कार्यालयमा CC Camera, आन्तरिक टेलिफोन सेवा Intercom PABX Telephone, ई-हाजिरी, डिजिटल नागरिक वडापत्र लगायतको व्यवस्थापन गरी अनुगमन तथा समन्वयलाई प्रभावकारी बनाइएको ।

१२. शान्ति सु-व्यवस्था कायम गर्न कार्यालय परिसर तथा मुख्य मुख्य स्थानमा Bullet Camera जडान गरिएको ।

१३. वर्थिङ सेन्टर सबै वडामा स्थापना गर्ने नीति अनुरुप आवश्यक कर्मचारी तथा भौतिक उपकरण व्यवस्थापन गर्ने कार्यको सुरुवात गरिएको ।

१४. प्रधानाध्यापकहरूको जिम्मेबारीहरूलाई थप प्रभावकारी बनाउने प्रोत्साहन स्वरुप मासिक रु. १५००।- का दरले बैठक भत्ताको व्यवस्था गरिएको ।

१५. एक वडा एक सामुदायिक भवन बनाउने नीति अनुरुप वडा नं. ४ र ५ मा भवन निर्माण भइरहेको । वडा नं. १ र २ मा बजेटको व्यवस्था गरिएको ।

१६. प्रत्येक वडामा खेलमैदान निर्माण गर्ने नीति अनुरुप यो वर्ष वडा नं. २ मा महभीर खेलमैदान बनाउने कार्य सम्पन्न गरी राष्ट्रपति रनिङ शिल्ड सञ्चालन गरिएको र गर्दने चौर खेल मैदान निर्माण गरिएको ।

१७. अवैध निकासीमा रहेको लकडी तथा अवैधानिक ढंगबाट सञ्चालनमा रहेको क्रसर उद्योगलाई नियमन गरिएको ।

१८. रु. १ लाखका दरले गाउँपालिकाका ७ जनालाई प्राविधिक शिक्षा निःशुल्क पढ्ने गरी छात्रवृत्ति उपलब्ध गराइएको ।

१९. कच्ची बाटो रहेको गाउँपालिकाका विभिन्न सडक खण्डलाई स्तरोन्नती एवं नाली बनाउने कार्य गरिएको ।

२०. गाउँपालिकाको स्रोत र साधन तथा सोको उपयोगिता अभिवृद्धि गर्ने हेतुले खर्च मापदण्ड बनाइएको र प्रशासनिक सुधार एवं मितव्यितामा जोड दिइएको ।

२१. सडक बत्तीको आवश्यकतालाई मध्यनजर गरी वडा कार्यालय स्वास्थ्य चौकी तथा पालिका केन्द्रमा सडक बत्तीमा जडान गर्ने कार्य सम्पन्न गरिएको ।

२२. गाउँपालिकामा सेवालाई सहज तथा प्रभावकारी बनाउनका लागि सहायता कक्षको सुरुवात गरिएको ।

२३. स्थानीय भाषा जगेर्ना गर्नका लागि ५ वटै वडामा आनेपान भाषा लागू गरिएको ।

Website : www.aathraitribenimun.gov.np Email : aathrai.tribenimun@gmail.com Tel : 9852660960

आठराई त्रिवेणी गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हाङपाङ, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

पत्र संख्याः २०७९/८०

२३. स्थानीय भाषा जगेर्ना गर्नका लागि ५ वटै वडामा आनेपान भाषा लागू गरिएको ।

२४. स्वयम्सेविकालाई रु. ५०० का दरले भत्ता वितरण गरिएको ।

२५. सामाजिक सुरक्षा भत्ता ५ वटै वडा कार्यालयबाट वितरण गर्ने गरिएको ।

२६. आठराई त्रिवेणी गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरूलाई बन्द मुक्त विद्यालय घोषणा गरिएको र बन्दको समयमा पनि विद्यालय सञ्चालन भएको ।

२७. गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा महिनामा १ पटक स्वास्थ्य परीक्षणको सुरुवात गरिएको र प्रत्येक वडाको गाउँघर क्लिनिकबाट गर्भवती महिला र जेष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण प्रत्येक २ महिनामा १ पटक गर्ने गरिएको ।

२८. जेष्ठ नागरिक निःशुल्क दन्त उपहार कार्यक्रम साथै निःशुल्क आँखा शिविर र चश्मा वितरण कार्यक्रम शुरु गरिएको।

२९. सरस्वती नमूना मा.वि., हाङपाङमा कृषि प्राविधिक कक्षा ९ देखि १२ सम्म अनुमति लिई सञ्चालन गरिएको।

३०. परमसिंह देवी मा.वि. निघुरादिनमा कक्षा ११ र १२ कक्षा सञ्चालनको अनुमति प्रदान गरी कक्षा सञ्चालन शुरु भएको ।

३१. निर्वाचन क्षेत्र नं. "ख" कै पहिलो कालोपत्रे सडक प्रदेश सरकारको बजेटमा गुफा भुजे देउराली चाँगे दोभान सडक (हरितमार्ग) सडक गाउँपालिकाको समन्वयमा कालोपत्रे कार्य सूचारू भएको ।

३२. गाउँपालिकाको समन्वयमा फुगुवादेखि आँपडाँडासम्म कालोपत्रे सडकको काम तीव्र रुपमा सञ्चालन भएको ।

दिपेन्द्र पोमु

अध्यक्ष

दिपेन्द्र पोमु
अध्यक्ष